मिति : २०८०/०३/१९, कार्य बैठक संख्या:२५-०७९/८०

प्रस्तावहरू

१. कञ्चन गाउँपालिकाको आवधिक योजनाको मस्यौदा उपर छलफल सम्बन्धमा,

२. कञ्चन गाउँपालिकाको दिगो विकासका लक्ष्यको स्थानीयकरण कार्य योजनाको मस्यौदा उपर छलफल सम्बन्धमा,

३. कञ्चन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को मस्यौदा उपर छलफल सम्बन्धमा ।

निर्णयहरू

**१. कञ्चन गाउँपालिकाको आवधिक योजनाको मस्यौदा उपर छलफल सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको आवधिक योजना निर्माण गर्नका लागि सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको प्रक्रिया बमोजिम **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** सँग सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको प्रारम्भिक मस्यौदा उपर छलफल भयो । मस्यौदाका सम्बन्धमा उठेका र सुधार गर्नुपर्ने विषयवस्तुहरू समेत समेटी अन्तिम प्रतिवेदन पेश गर्नका लागि सेवा प्रदायक संस्था **Alaana International Services Pvt. Ltd., New Baneshwor Kathmandu** लाई निर्देशन गरियो ।

**२. कञ्चन गाउँपालिकाको दिगो विकासका लक्ष्यको स्थानीयकरण कार्य योजनाको मस्यौदा उपर छलफल सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको दिगो विकासको स्थानीयकरण कार्ययोजना निर्माण गर्नका लागि सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको प्रक्रिया बमोजिम **Avash Agro Consultancy Pvt. Ltd. Kathmandu** सँग सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको प्रारम्भिक मस्यौदा उपर छलफल भयो । मस्यौदाका सम्बन्धमा उठेका र सुधार गर्नुपर्ने विषयवस्तुहरू समेत समेटी एक हप्ताभित्र अन्तिम प्रतिवेदन पेश गर्नका लागि सेवा प्रदायक संस्था **Avash Agro Consultancy Pvt. Ltd. Kathmandu** लाई निर्देशन गरियो ।

**३. कञ्चन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को मस्यौदा उपर छलफल सम्बन्धमा**

कञ्चन गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M SURVEY) निर्माण गर्नका लागि सार्वजनिक खरीद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको प्रक्रिया बमोजिम **orchid Multi Consultancy and Training Institute Pvt. Ltd, Butwal** सँग सम्झौता भई कायदिश दिइएकोमा उक्त संस्थाले पेश गरेको प्रारम्भिक मस्यौदा उपर छलफल भयो । मस्यौदाका सम्बन्धमा उठेका र सुधार गर्नुपर्ने विषयवस्तुहरू समेत समेटी एक हप्ताभित्र अन्तिम प्रतिवेदन पेश गर्नका लागि सेवा प्रदायक संस्था **orchid Multi Consultancy and Training Institute Pvt. Ltd, Butwal** लाई निर्देशन गरियो ।

मिति : २०८०/०३/१९ कापा बैठक संख्या २५-०७९/८०

प्रमाणित

४. रकमान्तर वा स्रोत संशोधन सम्बन्धमा

चालु आ.व. २०७९/८० मा नेपाल सरकार (संघीय सरकार) बाट यस गाउँपालिकालाई प्राप्त हुनुपर्ने राजस्व बाँडफाँड वापतको रकम समयमा प्राप्त नभएको तथा स्रोत अनुमान अनुसार रकम प्राप्त नभएको आ.व. २०७९/८० मा विनियोजन गरेको बजेट खर्च नभएका तपसिल बमोजिमका शीर्षकबाट आ.व. २०७९/८० मा रकम नपुग भएका तपसिल बमोजिमका शीर्षकमा स्रोत संशोधन गर्ने ।

तपसिल

| क्र.सं. | खर्च नभएको शीर्षक | शीर्षक नं | रकम नपुग हुने शीर्षक | रकम |
|---|---|---|---|---|
| १ | सहकारीको माध्यामबाट दुध विक्री गर्ने कञ्चन गाउँपालिकाभित्रका कृषकहरूलाई प्रति लिटर रू.२ का दरले अनुदान वितरण | २२७११ | मसलन्द तथा कार्यालय सामग्री | २५०००००/- |
| २ | पशुपालक कृषकले पशु बिमा गरी तिरेको मुल रकममा ५०% अनुदान कार्यक्रम | २२७११ | विविध | ६०००००/- |